अल्लाहको कसम, जसको हातमा मेरो जीवन छ, म तपाईंहरूमध्ये सबै भन्दा बढी अल्लाहको रसूलसँग मिल्दोजुल्दो नमाज पढ्ने व्यक्ति हुँ । उहाँ यसरी नै नमाज पढ्नु हुन्थ्यो यहाँसम्म कि उहाँको निधन भयो ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उहाँ हरेक नमाजमा तकबीर भन्नुहुन्थ्यो, चाहे त्यो नमाज अनिवार्य होस् वा नफिल, चाहे त्यो रमजानमा होस् वा अन्य महिनामा । नमाजको लागि खडा हुँदा तकबीर भन्नुहुन्थ्यो, रुकुमा जाँदा तकबीर भन्नुहुन्थ्यो, त्यसपछि (रुकुबाट उठ्दा) ‘समिअल्लाह लिमान हमिदह’ भन्नुहुन्थ्यो र सज्दामा जानुअघि ‘रब्बाना वलकल-हम्दु’ भन्नुहुन्थ्यो । त्यसपछि सज्दामा जाँदा तकबीर भन्नुहुन्थ्यो, त्यसपछि सज्दाबाट टाउको उठाउँदा तकबीर भन्नुहुन्थ्यो, त्यसपछि दुई रकात पूरा गरेपछि तेस्रो रकाअतको लागि खडा हुँदा तकबीर भन्नुहुन्थ्यो र यसरी नमाज
पूरा नभएसम्म प्रत्येक रकतमा तकबीर भन्नुहुन्थ्यो । नमाज पूरा गरेपछि उनले भने : अल्लाहको कसम, जसको हातमा मेरो जीवन छ, म तपाईंहरूमध्ये सबै भन्दा बढी अल्लाहको
रसूलसँग मिल्दोजुल्दो नमाज पढ्ने व्यक्ति हुँ । उहाँ यसरी नै नमाज पढ्नु हुन्थ्यो यहाँसम्म कि उहाँको निधन भयो । [सही] [मुत्तफकुन अलैहि]

अबू हुरैरा (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नमाजको एक भाग बयान गर्दै भनेका छन् । उहाँ जब नमाजको लागि उभिनुहुन्थ्यो, तब उहाँ तकबीर तहरीमा(अल्लाहु अक्बर) भन्नुहुन्थ्यो । त्यसपछि रुकुमा जाँदा, सजदा गर्दा, रुकुबाट टाउको उठाउँदा, दोस्रो सज्दामा जाँदा, दोस्रो सज्दाबाट शिर उठाउँदा र तशह्हुदको लागि बस्दा र तीन वा चार रक्अतको नमाज मा तेस्रो र चौथो रक्अतको लागि उभिने बेला तकबीर भन्नुहुन्थ्यो र यसरी नमाज पूरा नभएसम्म प्रत्येक रक्अतमा तकबीर भन्नुहुन्थ्यो । रुकुबाट उठ्दा ‘समिअल्लाह लिमान हमिदह’ र ‘रब्बाना वलकल-हम्दु’ भन्नुहुन्थ्यो । नमाज पूरा गरेपछि अबू हुरैरा (रजियल्लाहु अन्हु) ले भने: म तपाईंहरूमध्ये सबै भन्दा बढी अल्लाहको रसूलसँग मिल्दोजुल्दो नमाज पढ्ने व्यक्ति हुँ । उहाँ यसरी नै नमाज पढ्नु हुन्थ्यो यहाँसम्म कि उहाँको निधन भयो ।

https://sunnah.global/hadeeth/ne/show/65098